# श्री झिलिवाङ्ग सामुदायिक वन उपभोक्ता समूह
# सरुमारानी गाउँपालिका वडा नं. १, प्यूठान

अध्यक्ष

## काठ / दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०७।२३**

यस सामुदायिक वन उपभोक्ता समूहले विभिन्न मितिमा नियमानुसार बरामद गरी गुहेखोल्सी चौपारी भन्ने स्थानमा घाटगद्दी गरी राखेको काठ श्री डिभिजन वन कार्यालय प्यूठानको च.नं. २०६ मिती २०८२।०७।१९ गतेको लिलाम सहमती भएकोले जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विकी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उधोग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उधमी / काष्ठको कारोवार गर्ने सूचिकृत फर्महरुले यो सूचना नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

**१. लिलाम सम्बन्धि वन पैदावारको विवरण**

| लट नं. | प्रजाती | गोलिया थान | ईकाइ | परिमाण(क्यु.फि.) | न्युनतम मुल्य रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खयर | ४३३ | क्यु.फि. | ९८६.६३ | ११,८३,९५६/- | संकलन खर्च रु २००/- प्रति क्यु.फि. थप लाग्ने छ । |

२. वोलपत्र खरीद कार्य डिभिजन वन कार्यालय प्यूठान, यस समूहको कार्यालय तथा वाङ्गेसाल सव डिभिजन वन कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रति वोलपत्र फारम रु. ३,०००।-- यस समूहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१८५१००००१ (JHILIBANG SHA. BA.U.SHA.) मा दाखिला गरेको बैंक भौचर, निवेदन / पत्र तथा उधम सम्बन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र खरीद गर्न सकिनेछ र सो दिन विदा परेमा लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. खरिद गरेको बोलपत्र यो सुचना प्रकाशन भएको मितिले २२ औ दिनको दिउँसो २.०० बजे भित्र बोलपत्र खरिद गरेकै कार्यालयमा गोप्य शिल्बदन्दी बोलपत्र दाखिला गर्नुपर्ने छ र बोलपत्र दाखिलाको अन्तिम दिन बिदा परेमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा तोकिएको समय भित्र दाखिला गर्नुपर्ने छ ।

४. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप वुझाउनु पर्नेछ ।

५. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान भैट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा वोलपत्रमा सकार मूल्यको १०% ले हुने रकम यस समूहको नेपाल वैंक लिमिटेड विजुवार शाखा प्यूठानमा रहेको माथि उल्लेखित खातामा दाखिला गरेको सक्कलै भौचर संकलन गर्नु पर्ने छ । अन्यथा वोलपत्र मूल्याँकनमा समावेश गरिने छैन ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्ने छ ।

७. रित पूर्वक पर्न आएको वोलपत्रहरु वोलपत्र दाखिला सम्बन्धि अन्तिम दिनको २:०० वजे उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय तथा स्थानिय तह, सरकारी कार्यालयको रोहवरमा खोलिने छ ।

८. दाखिला भएको बोलपत्रहरू २०८२।०८।१४ दिनको १.०० बजे यस उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ । बोलपत्र खोलिने दिन सकार कर्ताहरू उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

९. खोलिएका वोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कार तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ ।

१० वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११ वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ ।

१२. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।